# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## बोगटान फुड्सिल गाउँपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

पत्र संख्या:२०७६/७७
च.नं ४६६

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,

बोगटान फुड्सिल गाउँपालिका, डोटी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

पत्र संख्याः२०७६/७७
च.नं ४७५

मितिः २०७७/३/२४

श्री अध्यक्षज्यू,
बोगटान फुड्सिल गाउँपालिका, डोटी ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बोगटान फुड्सिल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७१ लाख १ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. ७३ लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३७ लाख ५२ हजार नियमितगर्नुपर्ने रु. ५० लाख ६ हजार पेश्की बाँकी रु.९ लाख ८९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४१(एकचालिस) यसैसाथ संलगन छ ।

४.	आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# बोगटान फुड्सिल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न बोगटान फुड्सिल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । सुदूर पश्चिम प्रदेशमा अवस्थित यो गाउँपालिका अर्न्तगत ७ वडा, ३००.२२ वर्ग की.मी.क्षेत्रफल र १७९०६ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११५८४३१०.३४ | १ | **चालु खर्च** | १६७६३११४०.४३ | १६७६३११४०.४३ |
| | क) नगद | ६२३३१०.८९ | ० | २ | **पूँजीगत खर्च** | ९७४९८५८३.९४ | ९७४९८५८३.९४ |
| | ख) बैंक | १०९६०९९९.४५ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५५७६५८६७.६२ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | १३५२९४८.४१ | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | ५३०८९८९८ | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | १३२३०२१.२१ | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २०८०२४७३४.०० | | ऋण लगानी | ० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ७०९००००० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | १३७१२४७३४ | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | ० | २१२००० |
| | घ) विशेष अनुदान | ० | ० | ६ | **कोष खर्च** | ० | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १५५००००.००० | ७ | **मौज्दात** | | ४५८२२०३८.८७ |
| | क)वित्तीय समानीकरण अनुदान | ६६८२००० | ० | | क) नगद मौज्दात | २९९४२५.८९ | ० |
| | ख) सशर्त अनुदान | ८३०००० | ० | | ख) बैंक मौज्दात | ४५५२२६१२.९८ | ० |
| | ग) समपूरक अनुदान | ३७८८००० | ० | | निकासा फिर्ता | | २०५८४९६९.७२ |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | | ० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | ० | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ० | | | ० | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | ० | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | ० | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | ० | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | ० | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ० | ० | | | ० | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | ० | | | ० | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | ४०६६१८२१.०० | | | ० | ० |
| १० | **धरौटी आय** | ० | २१२००० | | | ० | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | ० | | | ० | ० |
| १२ | **अन्य विविध आय** | ० | ० | | | ० | ० |
| | **जम्मा** | | **३३१७४८७३२.९६** | | **जम्मा** | | **३३१७४८७३२.९६** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँसभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.२०५८४९६९.७२ फ्रिज भएको र रु.१६७७८५७९।७२ संघीय सञ्चित कोषमा र रु.३८०६३९०। प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/२० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन । | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **१.** | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| **२.** | **बैंक हिसाब :** गाउँपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.४५८२२०३८.८७ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.७४२३८४६१.८२ मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.२८४१६४२२.९५ फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ । | |
| **३.** | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन: | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको, पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>● बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५. | **श्रोतअनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर गाउँपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार गाउँसभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/३/३१ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः | |

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५५६३६९८।०० | १८३३१७१९।०० | १९।११ |
| २ | पुर्वाधार विकास | ४२२५५०००।०० | ३९०३३२१२।०० | ४०।७० |
| ३ | सामाजिक विकास | १३३००००।०० | १०१३५०००।०० | १०।५७ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ४८०००००।०० | ३५७३२५०।०० | ३।७३ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४५००००००।०० | २४८३३२३५।५४ | २५।८९ |
| ६ | अन्य समपुरक | ३७८८०००।०० | ०।० | ०।० |
| **जम्मा** | | **१४४७०६६९८।००** | **९५९०६४१६।५४** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ४०.७० प्रतिशत र घटीमा ३.७३ प्रतिशत रहेको छ । अन्य समपुरक अनुदान अर्न्तगतका सबै कार्यक्रम संचालन हुन सकेको देखिएन । | |

७. **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** गाउँसभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छः

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| ञ | सडक | २००००००००।०० | १९१९२३७५।५३ | ४९।१६ |
| द्द | खानेपानी | १५००००००।०० | १०८३४२३।५२ | २।७८ |
| घ | सिंचाई | ६००००००।०० | ५८०२७६६।७७ | १४।८७ |
| द्ध | भु-क्षय तथा ढल | २५०००००।०० | २३७३८३।१३ | ०।६१ |
| छ | विद्यालय भवन तथा शौचालय | १२५००००००।०० | ११४४२६१०।३१ | २९।३२ |
| झ | अन्य | २०५००००।०० | १२७४६५२।७४ | ३।२७ |
| | **जम्मा** | **४२२५५०००।००** | **३९०३३२१२।००** | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र भुक्षय तथा ढल नियन्त्रणमा क्रमशः ४९.१६%, ०.६१%, बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

८. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७५ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१३,५२,९४८।४१ लाख हजार अर्थात अनुमान भन्दा ८२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

९. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २१२१५६२०८.०७ | १३,५२,९४८।४१ | ०.६४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६४ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ११. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १२. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी ब्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा ब्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| १३. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १४. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br><br>• गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन।<br>• गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन।<br>• गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको।<br>• गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १५. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको कुनै पनि कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| १६. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १८. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १९. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गरेको देखिएन । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| २०. | **तलबी प्रतिबेदन** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका(विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.३८,१८,७१२।३० तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २१. | **कर्मचारी ब्यवस्था** : कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ३२ रहेता पनि पदपूर्ति ६ मात्र रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित २६ पद रिक्त रहेका छन् । तिमध्ये २ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| २२. | **वडा सचिवको पदपूर्ति** : गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | १ | ६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार गाउँपालिकाका ७ वटा वडा सचिव मध्ये १ जनाको पदपूर्ति भई ६ जनाको दरबन्दी रिक्त रहेको छ । यसले गर्दा वडापालिकाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो । | |
| २३. | **चौमासिक खर्च**: गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ: | |

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च(रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | आषाढ महिना |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (table below) | |

| | | | चौमासिक | चौमासिक | चौमासिक | |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | १६७६३१ | ५०२८९ | ४१९०७ | ७५४३५ | ४०३९५ |
| २ | पुँजिगत खर्च | ९७४९८ | ७८७५ | १९४९९ | ७०१२४ | ५३६२४ |
| | जम्मा | २६५१२९ | ५८१६४ | ६१४०६ | १४५५५९ | ९४०१९ |
| | प्रतिशत | | २१.९४ | २३.१६ | ५४.९० | ३५.४६ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२६ करोड ५१ लाख २९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५ करोड ८१ लाख ६४ हजार अर्थात २१.९४ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड १४ लाख ६ हजार, अर्थात २३.१६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४ करोड ५५ लाख ५९ हजार, अर्थात ५४.९० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ४० लाख १९ हजार अर्थात ३५.४६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**२४.** **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय १३५२९४८।४१ को ७४.९१ प्रतिशत प्रशासनिक खर्च गरेको पाईयो । यस्थो खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

**२५.** **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ४ वटा ऐन, २ वटा नियमावली,१ वटा निर्देशिका र ४ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | २२० |
| ८ | मृत्यू दर्ता | १०७ |
| ९ | बसाईसराई दर्ता | २१ |
| १० | बिबाहदर्ता | ६ |
| ११ | सम्बन्ध विच्छेद दर्ता | ५ |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | ३९ |
| १३ | नागरिकता सिफारिस | २२० |
| १४ | नाता प्रमाणित | ८८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोषजनक देखिएन । तसर्थ गाउँपालिकाको सेवा प्रवाहको स्थितिमा सुधार हुनुपर्दछ । | |
| २६. | **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| १४ | १४ | ० |

| | | |
|---|---|---|
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २७. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका कार्यक्रमहरु ३६१ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| **कार्यक्रम/ योजना** | **यो वर्ष कुलकार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्यप्रगति कार्यक्रम** | **२५% सम्म प्रगति भएका कार्यक्रम** | **५०% सम्म प्रगति भएका कार्यक्रम** | **७५% सम्म प्रगति कार्यक्रम** |
| मूलकार्यक्रम सङ्ख्या | ३६१ | ० | ० | ० | ३६१ |

| | | |
|---|---|---|
| २८. | **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत ३६१ योजना स्वीकृत गरेका योजनामा सवै योजनाहरु ७५ प्रतिशत भन्दा बढी भएको उल्लेख छ । कार्यालयले योजनगत अभिलेख नराखेको कारण उपलब्ध प्रगति यथार्थ भए नभएको एकिन गर्न सकिएन । | |
| २९. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३०. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत ३६१ वटा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| **३१.** | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँप्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **३२.** | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।। | |
| **३३.** | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्इबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| **३४.** | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३५. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३६. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३७. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ७ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३८. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९,७४,९८,५८३.९४पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३९. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ३ वटा मोटरसाइकल खरिद गरी निम्नानुसार रु. ७ लाख ९१ हजार खर्च गरेको छ गाउँपालिकाको आफ्नो आन्तरिक आय रु.१३५२९४८.४१ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ४०. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४१. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगनें जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ४२. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४३. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४४. | **योजना हस्तान्तरण**ः निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४५. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई गरेको भए पनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४६. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४७. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|
| ५२ | ४२ | ४० | ७ | ८ | १४९ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु २८८०० हजार देखि रु.४२ लाख सम्मका जम्मा १४९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **उपभोक्ता समितिबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ। नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ। | |
| ५०. | **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विल जारी गर्नुपर्दछ। विल जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकम भित्र रहेको मू.अ.कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ। उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेमा विभिन्न कम्पनीको एक्साभेटरका फर्मले एक्साभेटर डोजर प्रयोग गरे वापत सेतो कागजमा भरपाई दादै गरी उपभोक्तासँग रकम बुझेको देखियो। यसरी मू.अ.करमा दर्ता भएका फर्मले रितपूर्वकको कर विजक जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मू.अ.कर असुल नभएको देखियो । त्यस्ता एक्साभेटर एवं डोजरको भाडामा भाडा कर १० प्रतिशत कट्टी गर्ने गरेको पनि देखियो । उपभोक्ताले डोजरमा प्रयोग हुने तेल छुट्टै विलबाट खरिद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्तहुनुपर्ने १३ प्रतिशत मू.अ.कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवसायी मार्फत छुट भएको मू.अ.कर ऐन, २०५२ अनुसारको मू.अ.करमा लाग्ने जरिवाना समेत हिसाव गरी छुटकर छानविन गरी असुल गर्नुपर्ने | ३१७१४३/३२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु. | |

| भौ.नं.,मिति | उपभोक्ताको नाम | निर्माण व्यवसायी | विल रकम | मू.अ.कर | भाडा भुक्तानी |
|---|---|---|---|---|---|
| २८/०७५/१२/१६ | छिडिखान चपरखोला सिम सडक नि. उ.स. | आर डि कन्स्ट्रक्सन( ३००५१०२३२) | ३०५३०९.७३ | ३९६९०.२७ | ३४५००० |
| २२/०७५/११/१७ | छिडिखान लफडा सडक नि उ.स. | शिवशक्ती बालुवा गिट्टी प्रशोधन कन्स्ट्रक्सन प्रा.लि | ३०५३०९.७३ | ३९६९०.२७ | ३४५००० |
| २१/०७५/११/१७ | कोलाखेत सातफरी सिद्ध गुफा सडक नि. उ.स. | पि.एस. कन्स्ट्रक्सन( ३००१३१०३३) | १७२५६६.३७ | २२४३३.६४ | १९५००० |
| १०/०७५/११/२ | धिर्कामाण्डौ सडक मर्मत नि. उ.स. | सुभप्रभात कन्स्ट्रक्सन( ३००१३०६७०) | ९४४२४.७७ | १२२७५.२३ | १०६७०० |
| ९/०७५/११/२ | बगर धिर्कामाण्डौ सडक नि उ.स. | देवसिहं निर्माण सेवा ( ६००१९६५३०) | ३१८५८४.०७ | ४१४१५.९३ | ३६०००० |
| ७/०७५/११/२ | हिडिखान मेलखानी काटै सडक नि उ.स. | पि.एस. कन्स्ट्रक्सन( ३००१३१०३३) | ३८७६१६.८१ | ५०३९०.१९ | ४३८००७ |
| ६/०७५/९/२५ | मेलखानी काटै सडक नि. उ.स. | पि.एस. कन्स्ट्रक्सन( ३००१३१०३३) | ४७८७६१.०६ | ६२२३८.९४ | ५४१००० |
| ५/०७५/९/४ | बगर धिर्कामाण्डौ सडक नि.उ.स. | सुभप्रभात कन्स्ट्रक्सन( ३००१३०६७०) | ३७६९९१.१५ | ४९००८.८५ | ४२६००० |
| | | | **जम्मा** | **३१७१४३.३२** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **५१.** | **बढी इन्धन खर्च :** उपभोक्तालाई सम्झौता अनुसारको परिमाणको काम गरेपछि काम गरेको विल भरपाई यथार्थताको आधारमा जाँच गरी लागेको खर्चमा उपभोक्ताको योगदानको अशं कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्दछ । परीक्षण गरिएका केही सडक निर्माण तथा मर्मत सम्बन्धि फाँटवारी परीक्षण गर्दा एक्साभेटर तथा जे.सि.वि.बाट काम गराउदा मेशिन चलेको घण्टा र इन्धनको खपत बीच तुलना गर्दा इन्धन खपतको अस्वभाविक विल राखी खर्च लिएको देखियो । उपभोक्ताले मेशीन प्रयोग गर्दा अधिकतम प्रतिघण्टा २० देखि २५ लिटर सम्म डिजेल खपत हुने लगबुकबाट देखिन्छ । देहायका उपभोक्ता समितिहरुले पेश गरेको सडक निर्माण सम्बन्धि खर्चको फाँटवारीमा अस्वभाविक इन्धन खर्च लिएको देखिएकोले अधिकतम खपत हुने प्रति घण्टा २५ लिटरको दरले हिसाव गरी प्रति लिटर ९६।९९ को दरले बढी खपत देखाएको इन्धन खर्च वापतको रकम सम्बन्धित उपभोक्ता समिति र विलभपाई प्रमाणित गर्ने प्रविधिकलाई समेत जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु. | ३४०३२९२.१४ |

| भो.नं./मिति | उपभोक्ताको नाम | मेशिन प्रयोग घण्टा | खपत डिजेल लि. | लाग्ने डिजेल लि. | बढी डिजेल लि. | बढी खर्च |
|---|---|---|---|---|---|---|
| ११५/०७६/३/३० | छिडिखान चपरखोला सिम डाडा सडक नि. उ.स. | ७१.०२ | ५१४० | १७७६ | ३३६५ | ३२६३७१.३५ |
| ९४/०७६/३/६ | ४ नं.वडा कार्यालय जोड्ने | ७४ | २७८९ | १८५० | ९३९ | ९१०७३.६१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक नि.उ.स. | | | | | |
| २८/०७५/१२/१६ | छिडिखान चपरखोला सिम सडक नि. उ.स. | ७७ | ५२७५ | १९२५ | ३३५० | ३३४९१६.५० |
| २२/०७५/११/१७ | छिडिखान लफडा सडक नि उ.स. | ७७ | ५००० | १९२५ | ३०७५ | २९८२४४.२५ |
| ९/०७५/११/२ | बगर धिर्कामाण्डौ सडक नि उ.स. | ७५ | ४३०० | १८७५ | २४२५ | २३५२००.७५ |
| ७/०७५/११/२ | छिडिखान मेलखानी काटै सडक नि उ.स. | ९५ | ८८०० | २३७५ | ६४२५ | ६२३१६०.७५ |
| ६/०७५/९/२५ | मेलखानी काटै सडक नि उ.स. | ६७.७२ | ६६०० | १६९३ | ४९०७ | ४७५९२९.९३ |
| ३/०७६/२/२७ सांसद विकास कोष | छिडिखान ल्याकुरी झ्यामतोला केदारमाण्डौ वोगटान सडक निर्माण | १५० | १४२५० | ३७५० | १०५०० | १०१८३९५ |
| | | | | | **जम्मा** | **३४०३२९२.१४** |

**५२.**

**ग्यावियन बक्स :** उपभोक्तालाई ग्यावियन बक्सको काम गरेवापत रकम भुक्तानी गर्दा उपभोक्ताले खरिद गरेको परिमाण र निर्माण स्थलमा प्रयोग भएको परिमाण बीच एकरुपता भए नभएको एकिन गर्नु पर्दछ । केही ग्यावियन बक्स प्रयोग सम्बन्धि काम गरेका उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको परिमाण भन्दा बढी परिमाणमा नापीमा राखी रकम भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको रकम देहाय अनुसारका उपभोक्ता समितिबाट बढी भुक्तानी रकम असुल उपर हुनु पर्ने रु

बेरुजू रकम: ३२९३३१.९२

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | हुनुपर्ने ग्यावियन बक्स | भएको | बढी | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १७१/०७६/३/२६ | ७ नं. वडा मूख्य सडक नि.उ.स | फिटिङ्ग २२ घ.मी | ५५घ.मी | ३३घ.मी | ५२९०.९४ | १७४६०१.०२ |
| १६१/०७६/३/२६ | ४ नं.वडा जाली नि.उ.स. | ३०गोटा (२×१×१) | ४० गोटा | १० गोटा | ४८९१.२७ | ४८९१२.७० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फिटिङ्ग ६० घ.मी | ८०घ.मी | २०घ.मी | ५२९०.९१ | १०५८१८.२० |
| | | | | | **जम्मा** | **३२९३३१.९२** |

**५३.** **उपभोक्ताको योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताबाट कार्य गराउदा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले व्यहोर्नु पर्ने रकम खुलाई सम्झौता गर्नु पर्दछ । एक्साभेटरबाट सडकको नयाँ ट्र्याक खोल्ने वा सडक सफा गर्ने कामको लागि उपभोक्ता र कार्यालय बीच सम्झौता भई कार्य सम्पन्न भएपछि उपभोक्ता समितिले पेश गरेको केही विल भरपाई परीक्षण गर्दा तोकिएको परिमाणको कार्य गर्न एक्साभेटरको वास्तविक भाडा र इन्धन बाहेक खर्च भएको देखिदैन भने कार्य सम्पन्न भएको विलमा उपभोक्ताले श्रमदान गरेको वा मेशिनबाट भएको काम बाहेक श्रमको उपयोग गरेको देखिदैन । कार्यालयले उपभोक्तासँग गरेको सम्झौता भन्दा न्युन दरमा काम सम्पन्न भएको देखिन्छ । कार्यालयले उपभोक्तालाई रकम भुक्तानी दिनु पूर्व खर्चभएको बास्तविक विल भपाई जाँच गरी वास्तविक खर्चमा उपभोक्ताले सम्झौता अनुसार व्यहोर्नु पर्ने २० प्रतिशत रकम कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा वास्तविक लागत भन्दा बढी र उपभोक्ताले व्यहोर्नु पर्ने रकम कट्टा नगरी रकम भुक्तानी दिदाँ गाँउपालिकालाई थप व्ययभार पर्न गएको देखियो । लेखापरीक्षणले नसमेटिएका यस्ताखालका भुक्तानी समेत तहाँबाट छानविन गरी उपभोक्तालाई बढी भुक्तानी भएको असुल गर्न र देहाय अनुसारका उपभोक्ताबाट वास्तविक खर्चको आधारमा बढी भुक्तानी भएको तथा उपभोक्ताको अशं समेत असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु.

बेरुजू रकम: १७६७७३४/-

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | निर्माण व्यवसायी | भुक्तानी खर्च | हुनुपर्ने | उपभोक्ताको अंश |
|---|---|---|---|---|---|
| १६४/०७६/३/२६ | छिडिखान खु.गे.मु.सडक नि उ.स. | आर डि कन्स्ट्रक्सन(३००५१०२३२) | ८९४८९३ | ८९४८९३ | १७८९७६.३० |
| १५८/०७६/३/२६ | बगर धिर्कामाण्डौ सडक नि उ.स. | सुभप्रभात कन्स्ट्रक्सन ( ) | १७९०५०७ | १७९५४४८ | ३५९०८९.६० |
| १५१/०७६/३/२५ | पलाडी शाखा सडक नि.उ.स | आर डि कन्स्ट्रक्सन(३००५१०२३२) | ३८१२०२ | ३७०१७८.५३ | ७४०३५.७० |
| १२०/०७६/३/२० | पातलीखेत धिर्कामाण्डौ(सुन्तडी) सडक नि.उ.स | आर डि कन्स्ट्रक्सन(३००५१०२३२) | ४७५४४६ | ४७९४४६.१३ | ९५८८९.२० |
| ११९/०७६/३/२० | पातलीखेत सुन्तडी सडक नि.उ.स. | आर डि कन्स्ट्रक्सन(३००५१०२३२) | ४१६६४६० | ४१६६४६० | ८३३२९३ |
| ११६/०७६/३/२० | बगर कोलाखात शाखा सडक नि.उ.स. | आर डि कन्स्ट्रक्सन(३००५१०२३२) | ६६७३६० | ६७२००० | १३४४०० |
| ९४/०७६/३/६ | ४ नं.वडा कार्यालय जेड्ने सडक नि.उ.स | प्रतिभा निर्माण सेवा(३००१३०६७०) | ४६०२९१ | ४६०२९१ | ९२०५०.२ |
| | | | | जम्मा | १७६७७३४ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५४.</td><td>पेश्की बाँकी: आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले गाउँपालिकाको मस्टेश्वर मावि, गगुडालाई शौचालय निर्माणको लागि दिइएको पेश्की रु.४९४५७२। आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा असुल फछ्यौंट गराउनु पर्ने देखिएको रु.</td><td>४९४५७२/-</td></tr>
<tr><td>५५.</td><td>अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम लगानी प्रतिफल र सेवा शूल्कको भुक्तानी गर्दा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ । पालिकाले विभिन्न कार्यको लागि सूचना प्रकाशन गरेको निम्न पार्टिलाई भुक्तानी गर्दा १.५ प्रतिशत मात्र कर कट्टा गरेको देखियो । नियमानुसार रु. कर कट्टा गरी दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>प्रयोजन</th><th>भुक्तानी पाउने पार्टि</th><th>रकम</th><th>कट्टी रकम</th><th>कट्टी बाँकी रकम</th></tr>
<tr><td>११/०७६/२/३</td><td>सुचना प्रशारण( बहुक्षेत्रिय पोषण)</td><td>त्रिवेणी एफ.एम ९४.४ ,सिलगढी</td><td>५२०००</td><td>७८०</td><td>७०२०</td></tr>
<tr><td>२९/०७६/३/२५</td><td>सामाजिक परीक्षण( स्वास्थ्य तर्फ)</td><td>वातावरण तथा मानव संसाधन विकास समाज</td><td>१०००००</td><td>०</td><td>१५०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२२०२०/-</td></tr>
</table></td><td>२२०२०/-</td></tr>
<tr><td></td><td>दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुविधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा</td><td></td></tr>
<tr><td>५६.</td><td>दैनिक भ्रमण भत्ता: कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलब्धी सहितको प्रतिवेदन पेश गर्नूपर्दछ । यसवर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार रु. १९६२८२५.०० भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमणको उपलब्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यसर्थ गाउँपालिकाका, गाउँप्रमख तथा उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु.१९६२८२५.०० दैनिक भ्रमण खर्च लिएको देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>क्र.स</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>वार्षिक भ्रमण भत्ता रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | १. | श्री कमल बहादुर गडसिला | अध्यक्ष | ३३८९०० | |
| | २. | श्री भगवती देवी बम | उपाध्यक्ष | २५९३२५ | |
| | ३. | श्री कर्ण सिंह बोहरा | वडाध्यक्ष | ७९६०० | |
| | ४. | श्री पुष्पराज जोशी | वडाध्यक्ष | ९९७०० | |
| | ५. | श्री देव बहादुर बम | वडाध्यक्ष | ७९५०० | |
| | ६. | श्री डम्मर बहादुर घर्तिमगर | वडाध्यक्ष | १०७५५० | |
| | ७. | श्री देव बहादुर बोहरा | वडाध्यक्ष | ५९५०० | |
| | ८. | श्री दिप बहादुर बम | वडाध्यक्ष | ९४४०० | |
| | ९. | श्री विरेन्द्र चन्द | वडाध्यक्ष | १०१५०० | |
| | १०. | श्री चन्द्रभान सुनार | कार्यपालिका सदस्य | ७०८५० | |
| | ११. | श्री कल्पना देवी वि.क | कार्यपालिका सदस्य | ६१७५० | |
| | १२. | श्री कैलास वि क | कार्यपालिका सदस्य | १६२५० | |
| | १३. | श्री नन्नी देवी विष्ट | कार्यपालिका सदस्य | ६३०० | |
| | १४. | श्री उपेन्द्र बम | वडा सदस्य | ४९८०० | |
| | १५. | श्री करविर रावल | वडा सदस्य | १६६०० | |
| | १६. | श्री कलसी देवी टमट्टा | वडा सदस्य | १७६०० | |
| | १७. | श्री कल्पना पुरी | वडा सदस्य | १७४०० | |
| | १८. | श्री गुमा वि क | वडा सदस्य | १७४०० | |
| | १९. | श्री जसु दमाई | वडा सदस्य | १४६०० | |
| | २०. | श्री टेक बहादुर बोहरा | वडा सदस्य | १०४६०० | |
| | २१. | श्री ठमान सिंह बोहरा | वडा सदस्य | १७४०० | |
| | २२. | श्री दल बहादुर बोगटी | वडा सदस्य | १८५०० | |
| | २३. | श्री दान बहादुर विष्ट | वडा सदस्य | १७४०० | |
| | २४. | श्री दुर्गा चन्द | वडा सदस्य | २०४५० | |
| | २५. | श्री नरपता देवि विठारी | वडा सदस्य | १७६०० | |
| | २६. | श्री नैन सिंह बोहरा | वडा सदस्य | १७४०० | |
| | २७. | श्री पदम सिंह विष्ट | वडा सदस्य | १७४०० | |
| | २८. | श्री भक्त बहादुर बोहरा | वडा सदस्य | ५४८०० | |
| | २९. | श्री मान सिंह कठायत | वडा सदस्य | १७६०० | |
| | ३०. | श्री मैना देवी रावल | वडा सदस्य | १४६०० | |
| | ३१. | श्री लक्ष्मी बोहरा | वडा सदस्य | १७४०० | |
| | ३२. | श्री श्याम बहादुर बोगटी | वडा सदस्य | ४२७५० | |
| | ३३. | श्री सकुन्तला देवी नेपाली | वडा सदस्य | १७४०० | |
| | ३४. | श्री सुरज बहादुर कुडमाल | वडा सदस्य | १७४०० | |
| | ३५. | श्री सुर्य बहादुर बोहरा | वडा सदस्य | १७६०० | |
| | ३६. | श्री हरिना भुल | वडा सदस्य | २४००० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **जम्मा** १९६२८२५.०० | |
| **५७.** | भ्रमण खर्च लेख्दा एउटै व्यक्तिलाई एकै समयमा दोहोरो खर्च भुक्तानी गर्न नहुनेमा निम्नानुसार व्यक्ति तथा पदाधिकारीहरुले एक पटक भुक्तानी भै सकेकोमा पुन सोही अवधिको भ्रमण आदेश स्वीकृत गरी दोहोरो भत्ता खर्च लेखेकोमा निजहरुबाट उक्त रकम असुल गर्नुपर्ने रु. | १४०३५०/- |

| सि. नं. | पदाधिकारीको नाम,पद | भ्रमण अवधि | पुन अवधि | दिन | रकम |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष कमल ब.गडसिला | ०७५/१२/१३-०७५/१२/१९ | ०७५/१२/१५-०७५/१२/२१ | २ | ३२०० |
| | | ०७६/२/३-०७६/२/९ | ०७६/२/६-०७६/२/१२ | ४ | ६४०० |
| | | ०७६/२/६-०७६/२/१२ | ०७६/२/१०-०७६/२/१६ | ३ | ४८०० |
| | | २/३-२/९ | ०७६/२/२-०७६/२/८ | ५ | ८००० |
| | | ०७५/१२/१३-०७५/१२/१९ | ०७५/१२/१३-०७५/१२/१९ | ७ | १०००० |
| | | | ०७५/१२/१३-०७५/१२/१९ | ७ | १०००० |
| | | ०७६/२/६-०७६/२/१२ | ०७६/२/६-०७६/२/१२ | ७ | १०००० |
| | | | ०७६/२/९-०७६/२/१२ | ४ | ६४०० |
| | | ०७६/३/१५-०७६/३/२१ | ०७६/३/१५-०७६/३/२१ | ७ | १०००० |
| | | | ०७६/३/१९-०७६/३/२५ | ३ | ४८०० |
| | | ०७६/३/५-०७६/३/११ | ०७६/३/५-०७६/३/११ | ७ | १०००० |
| २. | उपाध्यक्ष भगवती देवी बम | ०७६/३/१९-०७६/३/१५ | ०७६/३/२०-०७६/३/२३ | ४ | ६००० |
| | | ०७५/१२/१३-०७५/१२/१९ | ०७५/१२/१५-०७५/१२/२० | ५ | ७५०० |
| | | ०७६/१/८-०७६/१/१४ | ०७६/१/७-०७६/१/१३ | ६ | ९००० |
| | | ०७५/९/१७-०७५/९/२३ | ०७५/९/२१-०७५/९/२७ | ३ | ४५०० |
| ३. | वडा स.उपेन्द्र वम | ०७५/१०/११-०७५/१०/१७ | ०७५/१०/११-०७५/१०/१७ | ७ | ८७५० |
| ४. | वडा स.टेक ब.बोहरा | ०७६/२/१८-०७६/२/२४ | ०७६/२/२३-०७६/२/२९ | २ | २८०० |
| ५. | वडा अ.दिप ब.वम | ०७५/१२/१२-०७५/१२/१८ | ०७५/१२/१४-०७५/१२/१६ | ३ | ४२०० |
| ६. | वडा अ.देव व.वम | ०७५/११/९-०७५/११/१५ | ०७५/११/१३-०७५/११/१९ | ३ | ४२०० |
| ७. | वडा अ.डम्वर व.धर्ती | ०७५/८/१०-०७५/८/१६ | ०७५/८/७-०७५/८/१३ | ४ | ५६०० |
| ८. | वडा स.भक्त ब बोहरा | ०७५/९/३-०७५/९/५ | ०७५/९/३-०७५/९/६ | ३ | ४२०० |
| | | | | जम्मा | १४०३५०/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **५८.** | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५९. | **स्वकीय सचिव/सल्लाहकार** : सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेश भरका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर प्रेस सल्लाहकार रुपमा श्री कर्ण बहादुर चन्दका नियुक्त गरी रु.१,६२,०००। भुक्तानी भएको छ । यसरी कानून विपरित स्वकीय सचिव/सल्लाहकार नियुक्ती गरी खर्च लेख्ने पदाधिकारीबाट असूल गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु. | १६२०००/- |
| ६०. | **वडा कार्यालयबाट भएको खर्च** : गाउँपालिकाले वडा कार्यालयलाई जम्मा रु.३३,२५,६४९।०० भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाउँकार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ६१. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.४३६३२००। सुविधा वापत भुक्तानी भएको छ । | |

| सि. नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६०००० | ३००००० | १६८०००० | ५७६००० | १३८०००० | ४२९६००० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | १३२०० | १२००० | ४२००० | ० | ० | ६७२०० |
| | | | | | | जम्मा | ४३६३२००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.५०००। देखि रु.४०००००। सम्म जम्मा रु.६७२५१८। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| | **समानिकरण पूँजीगत** | |
| ६३. | **कार्य सम्पन्न प्रतिवेदन :** ९४।०७६।३।६ ४ नं. वडा कार्यालय जेड्ने सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत रु.४६०२९१। भुक्तानी गरेकोमा संलग्न फाँटवारीमा कार्य सम्पन्न प्रतिवेदन समावेश नभएकोले निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ४६०२९१/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | **बढी भुक्तानी :** ६६।०७६।२।१७ पल्चैडा लोडेघाट खानेपानी मर्मत उपभोक्ता समितिलाई खानेपानीको कार्य सम्पन्न गरेवापत उपभोक्ताको अशं काटी रु.४३०६४९। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा सगुन हार्डवेयरबाट ६०० मीटर एच डि.पि.२५ एम.एम.को १०० केजी पाईप खरिद गरेकोमा ठेक्का विलमा ७५० मीटर चढाई १५० मीटर बढीको प्रति मीटर रु.६२.१७ को दरले रु.९३२५.५० बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको रकम उपभोक्ताको योगदानको अशं कटाई बाँकी रकम उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ९३२५/५० |
| ६५. | **विल विजक नभएको :** निम्न भैचर र मितिबाट सडक निर्माण गरेवापत उपभोक्ता समितिलाई रकम भुक्तानी गरेकोमा उपभोक्ता समितिले निर्माण कम्पनीबाट काम गराएकोमा विल विजक पेश नभएकोले सम्बन्धित कम्पनीबाट मु.अ.कर रु.३१६०९। सम्बन्धित आन्तरिक राजस्वमा रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | ३१६०९/- |

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | मेशिन खर्च | मु.अ.कर रकम |
|---|---|---|---|
| ४८/०७६/३/५ | तापधारा देखि लखुडा सडक खण्ड निर्माण उ.स. | १८७५६२ | २१५७८ |
| ३०/०७६/२/३ | धनमुडा उमाडि सडक निर्माण उ.स. | ८७१९३.५० | १००३१.१ |
| | जम्मा | | ३१६०९.१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | **विल वेगर खर्च :** १८६।०७६।३।३१ पातली खेत स्वस्थ्य चौकी सम्म सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत उपभोक्ताको अशंकटाई रु.२८५८२४। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा मेशीनबाट बाटो खनाएकोमा कुन कन्स्ट्रक्सन कम्पनी मार्फत बाटो निर्माण गराएको हो सोको विल संलग्न नभएको हुदाँ उपभोक्ता समितिबाट उक्त खर्च विल प्रमाणित गरी सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २८५८२४/- |
| ६७. | **अन्यत्र निकायको खर्च :** १८०।०७६।३।२६ गाँउपालिकाले रकम खर्च गर्दा गाँउपालिका भित्रमात्र खर्च गर्नुपर्दछ । गाउँपालिकाले नेपाल पत्रकार महासंघ शाखा कार्यालय सिलगढी, डोटीको भवन निर्माण वापत रु.१०००००। भुक्तानी दिएको देखियो । गाउँपालिकाले आफ्नो क्षेत्र बाहिर रकम दिन पाउने देखिदैन । साथै संलग्न फाँटवारीमा भवन वनाउन के कति लागत लाग्ने हो सोको लागि के कुन निकायबाट केकति रकम उपलव्ध हुने हो सोको समेत विवरण उपलव्ध देखिएन । अन्यत्र स्थानीय निकायबाट समेत रकम उठाई रहेको सम्बन्धमा उक्त रकम प्रयोगको सुनिश्चितता भएको प्रमाण पेश गर्नुपर्ने रु. | १०००००/- |
| ६८. | **बढी भुक्तानी :** १६३।०७६।३।२६ उपभोक्ता समितिलाई सम्झौता अनुसार तोकिएको काम सम्पन्न गरेपछि वास्तविक विल बमोजिम भएको खर्चमा उपभोक्ताको योगदान कट्टी गरी रकम भुक्तानी दिनु पर्दछ । लफडा | ९६०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आमा समूह मिल निर्माण उपभोक्ता समूहलाई मिल सञ्चालनको लागि रु.३८४०००। भुक्तानी गरेकोमा संलग्न फाँटवारीमा कविर ट्रेडर्स एण्ड सप्लायर्सबाट रु.२९५०००। को सामाग्री ढुवानी रु.४००००। र फिटिङ्ग खर्च रु.२५०००। समेत रु.३६००००। खर्च भएकोमा सो खर्चको सम्झौता अनुसार २० प्रतिशतले हुने रु.७२०००। कट्टा गरी रु.२८८०००। मात्र भुक्तानी दिनुपर्नेमा रु.३८४०००। भुक्तानी दिएकोले बढी भुक्तानी रु.९६०००। उपभोक्ताबाट असुल गर्नुपर्ने रु. | |
| ६९. | १२५।०७६।३।२२ मष्टेश्वर माविमा ५६ घनमीटर ग्यावियन तार फिटिङ्ग गरेवापत रु.१४११७८। भुक्तानी गरेको छ । उक्त ग्यावियन वक्सको खरिदको विल पेश नभएको हुदाँ उक्त ग्यावियन बक्स कहाँबाट प्राप्त भयो सोको प्रमाण पेश हुनुपर्ने रु. | १४११७८/- |
| ७०. | विभिन्न वडाको लागि देहाय अनुसार पाईप खरिद गरेको छ । उक्त पाईप कहाँ प्रयोग भएको पालिकाबाट सामान खरिद गर्नु पूर्व कुन सामान कुन स्थानमा के कति लाग्ने हो सोको विवरण तयार गरी सामान शिलबन्दी दरभाउ / टेण्डरको माध्ययमबाट खरिद गर्दा मितव्ययी हुन जान्छ । पालिकाले विभिन्न वडाको लागि भनि पटक पटक देहाय अनुसार पाईप खरिद गरेको छ । उक्त पाईप के कुन स्थानमा प्रयोग भयो सोको विवरण पेश भएको छैन । साथै उक्त सामानको प्रयोग सम्बन्धी नापी गरी विवरण पेश हुनुपर्दछ । | |

| गो.भौ.नं./मिति | सामान आपूर्तकको नाम | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|
| १७६/०७६/३/२६ | वड्डा सप्लायर्स | ७६०० मीटर | ३००००० |
| १६८/०७६/३/२६ | सगुन हार्डवेयर | ३३०० मीटर | १५१००० |
| १३५/०७६/३/२३ | सगुन हार्डवेयर | ८०० मीटर | ५०००० |
| १३६/०७६/३/२३ | वड्डा सप्लायर्स | ७४१३ मीटर | ३००००० |
| | | | ८०१०००/- |

| | | |
|---|---|---|
| | **बहुक्षेत्रिय पोषण कार्यक्रम** | |
| ७१. | २०।०७६।३।२६ पोषण संयोजक भरत ब.साउदले विभिन्न कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रु.७२५७२५। फछ्र्यौट गर्दा संलग्न फाँटवारीमा वडा नं.२,३,५ मा सुनौला हजार दिनका आमाहरु र वालवालिकाहरु सम्बन्धि कार्यक्रममा सहभागिलाई दैनिक भ्रमण खर्च दिई सकेपछि पुनः गाडिभाडा वापत रु.८०००। थप खर्च लिएकोमा उक्त खर्च लेख्नपाउने आधार नभएकोले निजबाट उक्त खर्च असुल उपर गर्नुपर्ने रु. | ८०००/- |
| ७२. | विउ विजन, तरकारी खेती सम्बन्धि तालिम अर्न्तगत रु.२,२८,०००। खर्च लेखेकोमा संलग्न फाँटवारीमा खर्च प्रमाणित हुने रु.१,०९,५६०। को मात्र विल विजक भपाई भएकोहुदा नपुग रकम रु.१,१८,४४०। को खर्च पुस्ट्याई हुने प्रमाणित विल भपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ११८४४०/- |
| | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना** | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७३.</td><td>१५।०७६।२।३१ शौचालय निर्माण योजनाको लागि मस्टेश्वर मा.वि.लाई रु.४,९४,५०२। पेश्की दिएकोमा आर्थिक बर्षको अन्त्य सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली,२०६४ को परिच्छेद ९ अनुसार असुल फछ्र्यौट हुनुपर्ने रु.</td><td>४९४०००/-</td></tr>
<tr><td>७४.</td><td>ग्रामिण जलस्रोत परियोजना र उपभोक्ता वीच खानेपानी योजना सञ्चालन गर्दा ७५ प्रतिशत परियोजनाको र २५ प्रतिशत उपभोक्ताको योगदान हुने उल्लेख छ । देहायको योजना सञ्चालन गर्दा लेखापरीक्षण अवधि सम्म योजना सम्पन्न भएका छैनन । योजनाको अन्तिम कामको मूल्याङ्कन भएपछि परियोजनाको र उपभोक्ताको योगदान छुट्याई रकम भुक्तानी दिने व्यवस्था छ । आर्थिक बर्षको अन्त्य सम्म देहाय अनुसारको कार्य सम्पन्न नभएकोले सम्झौतामा उल्लेख भए अनुसार बढी भुक्तानी भएको हुदा अन्तिम विल भुक्तानीमा हिसाव मिलान हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ताको नाम</th><th>काम भएको मूल्याङ्कन</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>ठुलाखानेपानी तथा सरसफाई योजना</td><td>४२७५५३९.४१</td><td>३२०६६५४</td><td>३७३३९८०</td><td>५२७३२६</td></tr>
<tr><td>२</td><td>भेरीखोला खानेपानी तथा सरसफाई योजना</td><td>१११७२८२३.७५</td><td>८३२७११७</td><td>८५८८७७१</td><td>२६१६५४</td></tr>
<tr><td>३</td><td>बाखरीखा खोला खानेपानी तथा सरसफाई योजना</td><td>२२५०१०१.२६</td><td>१६८७५७५.९५</td><td>१९७८०२४.८०</td><td>२९०४४८.८३</td></tr>
<tr><td>४</td><td>सिगडेमी खानेपानी तथा सरसफाई योजना</td><td>११७६८९०.८५</td><td>८८२६६८.१२</td><td>९६६०५६.४०</td><td>११३३८८.३१</td></tr>
<tr><td>५</td><td>सिमचौर साना किसान सहकारी संस्था लि</td><td>५१४२४२५</td><td>३८५६८१८.७५</td><td>४९५२०९१</td><td>१०९५२७२.२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>७५.</td><td>फिल्ड भत्ता : ३।०७५।६।२३ र १४।०७५।९।२४ भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ (५) अनुसार फिल्ड भत्ता पाउने कर्मचारीले आफू कार्यरत क्षेत्रभित्र भ्रमणमा रहँदा यस नियमावली बमोजिम दैनिक भत्ता नपाउने उल्लेख छ । गाउँपालिकाको सहकार्यमा रहेको RVWRMP का जलस्रोत सहायक श्री मोहन बहादुर खत्रीलाई आयोजनाको करार सम्झौता अनुसार मासिक फिल्ड भत्ता उपभोग गर्ने गरेकोमा मिति ०७५।७।१३ देखि २०७५।७।१९ सम्म रु.५,६००।, ०७५।७।९ देखि २०७५।७।११ सम्म रु.२,४०० र ०७५।५।१२ देखि ०७५।५।१७ सम्मको रु.४,४००। समेत रु.१२,४००। भ्रमण खर्च योजना अनुगमन गर्न भनि लेगेको देखियो । फिल्ड भत्ता उपभोग गरी सके पनि भ्रमण खर्च लिन पाईने नदेखिएकोले सो निजबाट असुल गर्नु पर्ने रु.</td><td>१२४००/-</td></tr>
<tr><td>७६.</td><td>बिल/भर्पाई : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्मसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाको भौ.नं अनुसार विभिन्न मालसामान खरिद बापतको भुक्तानीमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>निम्नानुसारको अवस्था रहेकाले, सो खरिद बापतको भुक्तानी रु.७७८३५/- नियमित नदेखिएको रु
<table>
<tr><th>भौ.नं/मिती</th><th>फर्मको नाम</th><th>भुक्तानी बुझाउने</th><th>कैफियत</th><th>रकम</th></tr>
<tr><td>४८/२०७६/३/२७</td><td>नखुलेको</td><td>जलस्रोत अधिकृत, सुनिल विश्वकर्मा</td><td>बिल पेश नभएको</td><td>४१९३५.०</td></tr>
<tr><td>२४/२०७५/१२/१५</td><td>नखुलेको</td><td>जलस्रोत अधिकृत, सुनिल विश्वकर्मा</td><td>बिल पेश नभएको</td><td>३५९००.०</td></tr>
<tr><td colspan="4">**जम्मा**</td><td>**७७८३५.०**</td></tr>
</table></td><td>७७८३५/-</td></tr>
<tr><td>**७७.**</td><td>४०/२०७६/३/२६, कार्यालयले ग्रामिण जलस्रोत परियोजना अन्तर्गत जलउपयोग गुरुयोजना निर्माणका लागि समान पहुँच विकास केन्द्र नेपालसँग मिती २०७५।२।२४ मा सम्झौता गरी पेश्की फछ्र्यौट समेत रु ४,२०,१०६.० सो संस्थालाई बिल बेगरनै भुक्तानी गरेको र अग्रिम करकट्टी समेत गरेको छैन । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतका दरले रु ६३,०१५.९ करकट्टी गर्नुपर्नेमा करकट्टी नगरेकोले, कर छुट भएको रकम उक्त संस्थाबाट असुलउपर गर्नुपर्ने साथै गुरुयोजना निर्माण बापत रकम भुक्तानी लिएकोमा, सो समेत पेश नभएकोले, गुरुयोजना समेत पेश गरिनुपर्ने रु</td><td>६३०१५.९</td></tr>
<tr><td>**७८.**</td><td>**करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । ग्रामिण जलस्रोत परियोजना अन्तर्गत, सहयोगी संस्था परिचालन लागि निम्न भौ.नं/मिति बाट कार्यालयले सामुदायिक विकास मञ्च नेपालालाई सो संस्थाको बिल बेगर रु २०,४०,८१८.८३ भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । तसर्थ ऐन बमोजिम १५ प्रतिशतका दरले रु ३०६,१२२.८ अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिती</th><th>भुक्तानी रकम</th><th>छुटकर (१५%)</th></tr>
<tr><td>२५/२०७६/२/१५</td><td>७४३३३२.८३</td><td>१११४९९.९</td></tr>
<tr><td>४०/२०७६/३/२५</td><td>१२९७४८६.०</td><td>१९४६२२.९</td></tr>
<tr><td>जम्मा</td><td>२०४०८१८.८३</td><td>३०६१२२.८</td></tr>
</table></td><td>३०६१२२.८</td></tr>
<tr><td>**७९.**</td><td>२/२०७६/३/१८, टुडागाढ तेश्रो लघुजलविद्युत कुलो मर्मत कार्यका कार्यालयले रु १९०६५४.१६ को लागत अनुमान गरी उपभोक्तासँग सम्झौता गरेकोमा उपभोक्ताको योगदान अंश बाहेक रु १४२२६५.५९ सम्बन्धित समितिलाई भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार Steel Reinforcement Bar, ३१३.५२ के.जी कार्य परिमाण प्रमाणित भएकोमा, उपभोक्ता समितिले ११३.७ के.जी को मात्र बिल पेश गरेकाले, १९९.८२</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | के.जी घटी खरिद परिमाणको प्रति के.जी रु १२७.८५ का दरले हुन आउने रु २५५४६.९८ सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु | २५५४६.९८ |
| ८०. | **सडक एवम् योजना सर्भे** : १८/२०७६/३/३१, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ मा परामर्श सेवा गर्दा खरिद सम्झौता गर्दा एकमुष्ठ रकम सम्झौता, समयबद्ध सम्झौता, कार्यसम्पन्नको आधारमा शुल्क दिईने सम्झौता, प्रतिशतमा आधारित सम्झौता र सेवा समय निश्चित्त नभएको सम्झौता गरी पाँच प्रकारका सम्झौताका आधारमा खरिद गर्नसक्ने व्यवस्था रहेको छ । ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सडक एवम् योजना सर्भेको कार्य गराउन कार्यालयले लागत अनुमान नगरी बिना सम्झौता, कार्यालयका इन्जिनियर पुष्पकमल उपाध्यायलाई रु.३,००,०००.०० भुक्तानी गरेको छ । कार्यालयमा उपलब्ध जनशक्तिबाट उक्त कार्य गर्न सकिने भएमा सो कार्यसम्पन्न गर्न लाग्ने खर्चमात्र कार्यालयले भुक्तानी गर्न मिल्ने भएकोले अतिरिक्त पारिश्रमिक भुक्तानी गर्नु नियमसम्मत देखिएन । साथै सो बापत आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतको दरले हुने रु ४५,०००.० बमोजिम पारिश्रमिक करकट्टी समेत नभएकोले, छुट कर निजबाट असुल गरिनुपर्ने रु | ४५०००/- |
| ८१. | **बढी भुक्तानी** : १३/२०७६/३/२५, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । कार्यालयले सात्फरी धिर्कामाण्डौं ग्रामिण सडक निर्माणका लागि रु २१९९०७९.४१ लागत अनुमान गरेकोमा, उपभोक्ता योगदान समेत रु २१७७४७२.१५ भुक्तानी गरेको छ । उक्त योजनाको दर विश्लेषणमा स्वीकृत नर्म्स अनुसार Dry wall construction का लागि प्रति एकाई लागत दर रु ३५६०.८ रहेकोमा, प्रमाणित कार्यसम्पन्न अनुसार रु ४०९४.९२ प्रति घनमिटर दर राखी १०७.९२ घ.मी कार्यका लागि, कार्यालयले रकम भुक्तानी गरेको छ । प्रति घनमिटर रु ५३४.१२ बढी दरमा रकम भुक्तानी गर्दा, उपभोक्ता समितिलाई रु ५७,६२५.८ बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितीको योगदानको अनुपातिक कट्टी गरी सम्बन्धित समितिबाट असुल गर्नुपर्ने रु | ५७६२५.८ |
| ८२. | **पारिश्रमिक करकट्टी** : भौ.नं ८/२०७६/२/२०, आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी गर्दा कुल रकमको १५ प्रतिशतका दरले पारिश्रमिक करकट्टी गर्नुपर्ने व्यवस्था छ । शिक्षा संयोजक खेम बहादुर साउँदले कक्षा ८ को परिक्षा संचलान गर्दा विभिन्न शिक्षक एवम् पदाधिकारीलाई प्रश्नपत्र लेखन, परिक्षा व्यवस्थापन र बैठक खर्च गरी कुल रु ४२२६०.० भुक्तानी गरेकोमा ऐन अनुसार १५ प्रतिशतले हुन आउने रु ६३३९.० करकट्टी गरी दाखिला गरेको नपाईएकोले, छुट पारिश्रमिक कर नीजबाट असुल गरी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दाखिला हुनुपर्ने रु | ६३३९/- |
| ८३. | **धरौटी फिर्ता :** सार्बजनिक खरिद नियमावली ,२०६४ का नियम १२४ मा निर्माण व्यवसायीलाई रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाणको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । आन्तरिक राजश्व बिभाग नीति बिश्लेषण शाखाको प.सं. २०७१/७२ च.नं. २३ मिति २०७१/७/१४ को परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिकी खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा, कार्यालयको धरौटी खातामा बक्यौता रहेको देहायका फर्महरुको रकम फिर्ता गर्दा आयकर चुक्ता गरेको प्रमाण मात्र संलग्न गरी, मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण संलग्न नगरी धरौटी फिर्ता गरेको छ । उक्त फर्महरुलाई धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर समायोजनको प्रमाण संलग्न नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | २०४०००/- |

| भौ.नं/मिती | फर्मको नाम | रकम | बापत |
|---|---|---|---|
| ३/२०७६/२/३१ | वि.एस्.कन्स्ट्रक्सन | ७२०००.० | सडक बोर्ड अन्तर्गत सडक मर्मत |
| ४/२०७६/३/२६ | तुलसी कनस्ट्रक्सन | ७२०००.० | सडक बोर्ड अन्तर्गत सडक मर्मत |
| २/२०७५/८/१४ | अग्नि इन्कर्पोरेट प्रा.लि. | ६००००.० | डबल पिक अप बोलेरो गाडी |
| | **जम्मा** | **२०४०००.०** | |

| | | |
|---|---|---|
| | **समानिकरण चालू** | |
| ८४. | **२८४।२०७६।३।२७** सूचना प्रविधि अधिकृत विराज भट्टले मेलमिलाप सम्वन्धी तालिम संचालन गर्न लिएको पेश्कि रु ५,८२,०७५। फछ्यौट भएको संम्लग्न फाटवारी परीक्षण गर्दा देहाय अनुसारका व्यक्तिलाई संम्फौता गरि प्रशिक्षक भत्ता यातायत र आवास खर्च वापत रकम उपलव्ध गराएकोमा १५ प्रतिशतले अग्रीम कर कट्टी गर्नुपर्नेमा कर छुट भएकोमा निजहरुवाट छुट कर असुल हुनुपर्ने देखिएको रु | २०,२००/ |

| सि.नं | प्रशिक्षकको नाम | प्रशिक्षक भत्ता | यातायात | आवास | जम्मा | कर |
|---|---|---|---|---|---|---|
| १ | रोहित देउवा | ५४०००/ | ४०००/ | १००००/ | ६८०००/ | १०२००/ |
| २ | गणेश कठायत | ५४०००/ | ४०००/ | १००००/ | ६८०००/ | १०२००/ |
| | | | | | **जम्मा** | **२०,२००/** |

| | | |
|---|---|---|
| ८५. | ३१६।२०७६।३।३१ का.स भिम वहादुर वोहोराले वडा नं ५ मा भलिवल प्रतियोगिता गर्नलिएको पेश्किरु २५००००। फछ्यौट संग सम्वनधीत फाँटवारीमा भलिवलमा प्रयोग हुने नेट भलिवल लगायतका सामान रु ३७०००। र बाँकी कमल खुद्रा होटल एण्ड लजको रु.२,१३,०००। को खाजाको विल राखेको देखियो । भलिवल प्रतियोगितामा कति सहभागी थिए सहभागी भएकालाइ के कस्तो कति दरमा खाजा नास्ता दिएकोसो को | २५००००/ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विवरण संम्लग्न छैन । तसर्थ उक्त खर्च पुष्टी गर्ने आधार सहितको प्रमाण पेश गर्नुपर्ने रु | |
| ८६. | ३१५।०७६।३।३१ प्रहरीचौकी चवारा चौतार लाइ फर्निचर खरिद एवंम खाजा खर्च वापत रु १५००००। भुक्तानी दिएको छ ।अन्यत्र कार्यालयको खर्च गर्ने कार्यकममा समावेश समेत नभएकोले अन्यत्र कार्यालयमा खर्च भएको अनियमित देखिएको रु | १५००००/ |
| ८७. | ३१७ ।०७६।३।३१ स्वा संयोजक श्री भुवनराज पाण्डेले मिति ०७६।३।२६ गते वार्षिक समिक्षा खर्च रु ४१४४५। मासिक वैठक वापत रु ९३०००। र ७ वटा स्वास्थ्य चौकीमा आमा सुरक्षा कार्यक्रम अन्तरगत २२४०००। समेत गरि ३५८४४५। पेश्कि लिएकोमा पाँचदिन पछाडि पेश्कि फछ्यौट गरेको देखियो ।पाँच दिन अघि लिएको पेश्कि आमा सुरक्षा कार्यक्रमको रु २२४०००। ,७ वटा स्वास्थ्य संस्थामा वैक मार्फत दाखिला गरेकोमा सम्बन्धित स्वास्थ्य संस्थाबाट खर्चको फाटँवारी पेश नभएको रु | २२४,०००/ |
| ८७.१. | निजले वार्षिक समिक्षा खर्च ३४१,४४५। र वार्षीक वैठक वापत लिएको खर्च ९३०००। को फाटवारी परिक्षण गर्दा वर्षभरि कै खर्चको मिति राखी वैठक गरेको फाटवारी देखिदा सहभागीहरुको भत्ता पेश्कि लिनु भन्दा अगावै वुझेको देखिदा खर्च भएको विश्वसनिय आधारन भएकाले त्यस्ता खर्च छानवीन गर्नुपर्ने रु | १३४,८४५/ |
| ८८. | ३२४।०७६।३।३१ सव. इ गणेश वहादुर जोशीले लिएको रु ३००,५००। पेश्किी फछ्यौटसंग सम्वन्धीत फाटवारी परीक्षण गर्दा गा.पा अध्यक्ष कमल वहादुर गडतिलाले दैनिक भ्रमण भत्ता वापत रु १३२५००। वुझेको र ९ जना लाई १३००००। आर्थिक सहयोग उपलव्ध गराएको देखियो ।मापदण्ड तयार नगरि स्वविवेकीय आधारमा व्यक्तिले पेश्किी लिइ आर्थिक सहयोग उपलव्ध गराउनुपर्ने कारण स्पष्ट नभएको रु | १३००००/ |
| ८८.१. | ३१९।२०७६।३।३१ नासु दिलिप सिहले विभिन्न कार्यक्रमको लागि लिएको पेश्कि रु १७५०००। फछ्यौटसंग सम्वन्धीत फाँटवारी परीक्षण गर्दा संलग्न फाँटवारीमा निजले कामना डिजिटल फोटो स्टुडियो एण्ड फ्ल्केस प्रिन्ट,पमपलेट पोष्टर तयार गरेको देखाइ रु १८०००। र एम.एम. ट्रेड लिकंवाट फलामे डस्टवीन रु ८९९९९।९८ मा खरिद गरेको देखाइ रु १०६९९९। को विल राखि रु १०००००। भुक्तानि लिएको छ ।वढी खरिद गरिएका पोष्टर ,पम्पलेट तथा डस्टवीन दाखिला समेत नभएको हुदा पे.फ गर्ने प्रयोजनको लागि विल राखिवडाहरुमा सरसफाइ गरिएको भनि खर्च लिएको देखिदा सोको प्रमाण पेश नभएको रु. | १०००००/ |
| ८९. | **स्थानिय भत्ता:**नेपाल सरकार तलवमान व्यवस्थाको उपनियम २( ख) मा स्थानियस्तरमा समितिद्धारा नियुक्ती भइ सोही स्थानमा काम गर्ने कर्मचारीले स्थानिय भत्ता पाउने छैनन् भन्ने व्यवस्था रहेको छ ।सो नियमको विपरित स्थानियस्तरमा नियुक्त भएका सव.इ.गणेशप्रसाद जोशीलाई स्थानिय भत्ता भुक्तानि दिएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु | ३३१२०/ |

कार्यालयको नाम : बोगटान फुड्सिल गाउँपालिका,डोटी आ.व.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९०. | **अग्रीम कर :१७८।०७६।३।१९:** आयकर ऐन ०५८ को दफा ८८.वमेजिम भत्ता रकम वितरण गर्दा १५ प्रतिशतका दरले अग्रीम करकट्टी हुनुपर्ने व्यवस्था छ । का.स खेम वोहोराले नारी दिवस मनाउदा विभिन्न व्यक्तिहरुलाई भत्ता वापत भुक्तानि दिएको रु ३४२००। मा १५ प्रतिशतका दरले रु ५१३०। कर वापत कट्टी गरिएको अग्रीम कर रकम दाखिला भएको नदेखिएको उक्त रकम दाखिला हुनुपर्ने रु | ५१३०/ |
| ९१. | **८५।०७५।११।१७** कार्यालयले प्रत्येक वडाहरुमा भलिवल प्रतियोगिता गराएको भनि विभिन्न खर्च लेखेको छ । वार्ड नं २ ले भलिवल प्रतियोगितामा एम्पाएर खर्च र देउडा खर्च वापत रु ३५०००। त्यस्तैगरि वार्ड नं ५ का अ.हे.व इस्तियाक अहमदले भलिवल प्रतियोगिता भनि २३५०००। को एकमुष्ट खर्च अविश्वसनिय एवं असान्दर्भिक तरिकाले गरि भुक्तानि भएको देखिएकोले उक्त खर्च कार्यालयले नै छानविन गरि सम्वन्धीतवाट असुल हुनुपर्ने देखिएको रु | २७००००/ |
| ९२. | **आर्थिक सहायता :** २७५।३।२६ कार्यलयले स्थानियस्तरमा आर्थिक सहयोग दिन निश्चित कार्यविधि मापदण्ड वनाउनु पर्दछ ।वडा न २ का वडा अध्यक्षले आफ्नो वडामा ३८ जनालाई २०००। का दरले आर्थिक सहायता भनि वितरण गरेको कानुन सम्मत नभएकोले उक्त रकम अनियमित देखिएको रु | ७६०००/ |
| ९३. | **भरपाइ नभएको :** १५२,२७६।३।२६ कार्यलयले स्थानियस्तरमा आर्थिक सहयोग दिन निश्चित कार्यविधि मापदण्ड वनाउनु पर्दछ ।वडा न २ मा वडाका वृद्धहरुलाई सम्मानका लागि हल्का व्ल्यान्केट वितरणको लागि रु ४००००। तथा टोपी र रकम सहायताका लागि रु १०००००। समेत वितरण गरेको देखाइ खर्च रकम भुक्तानि गरेकोमा स्रेस्ता परीक्षण गर्दा वृद्धहरुलाइ तोकीए अनुसारका सामान तथा रकम वुझेको प्रमाण नदेखिएकोले सो सामानहरु तथा रकम वुझेको प्रमाण पेश हुनुपर्ने अन्यथा रकम सम्वन्धीत वाट असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु. : | १४००००/ |
| ९४. | **विजक नं नभएको :२६७।०७६।३।२७** मुअकर ऐन ०५२ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्महरुले वस्तु तथा सेवाको खरिद विक्री गर्दा दफा १७ अनुसार रितपूर्वकको सिलसिलेवार विजक नम्वर सहितको विजक जारी गर्नु पर्दछ । आज्ञा मल्टी मेडिया एण्ड एडभटाइजीड० लिको मिति २०७६।३।५ को १ वटा विजकवाट सामानहरु रु ४,७०,०००। मा खरिद गरेको छ। आपूर्तक फर्मले विजकमा सिलसिलेवार नम्वर उल्लेख नगरी सोहि विजकवाट भुक्तानि लिएकोले मु.अ. कर वापत रु ५४०७० । आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने देखिएको रु | ५४०७०/ |
| ९५. | **अग्रीम कर** : आयकर ऐन ०५८ को दफा ८८ मा परामर्शको लागि रकम वितरण गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएकालाई १५ प्रतिशतका दरले अग्रीम करकट्टी हुनुपर्ने व्यवस्था छ। गाउपालिकाको विभिन्न कार्यमा भुक्तानि दिएको निम्नानुसार का भुक्तानिहरुमा १.५ प्रतिशत मात्र अग्रीम कर कट्टा गरेकोले नपुग | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कर रकम सम्वन्धीतवाट असुल गरि संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने रु | १९६०००/- |

| भौ न मिति | कामको विवरण | भुक्तानि पाउने व्यक्ति वा संस्था | भुक्तानि पाएको रकम | कट्टी हुनुपर्ने | कट्टी भएको | कट्टी हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| २६४/०७६.३.२६ | हाउस क्याटरिड० तालिम | उपेक्षीत विकास मञ्च | १८५६९५/ | २७८५४/ | ६१६०/ | २१६९४ |
| २५२/०७६.३.२६ | सूचना प्रकासन प्रसारण | नेपालपथ राष्ट्रिय दैनिक | ८०००/ | १२००/ | १२०/ | १०८० |
| २४३/०७६.३.२६ | सचेतना कार्यकम | सिड समान पहुच विकास केन्द्र सिड | ३९२३४७/ | ५८८५२/ | ८०८९/ | ५०७६३ |
| २४३/०७६.३.२६ | सचेतना कार्यकम | सिड समान पहुच विकास केन्द्र सिड | ४५८७१२/ | ६८८०६/ | १७९१३/ | ५०८८६ |
| ११२,२००,२५९/०७६.२.२० | सुचना प्रसारण | त्रिवेणी एफ.एम | ४८५२००/ | ७२७८०/ | ७२७८/ | ६५५०२ |
| १८८/०७६.३.२० | सुचना प्रसारण | रेडियो डोटी ९८.५ | १०,०००/ | १५०/ | १५००/ | १३५० |
| ११९/०७५.१२.३० | सुचना प्रकाशन | सुन्दराञ्चल रा.दै. | १५०००/ | २२५/ | २२५०/ | २०२५ |
| ५.०७५.६.२३ | | सुदुर दर्पण रा.दै | १००००/ | १५००/ | १५०. | १३५० |
| २५९/०७६/३/२६ | | रेडियो डोटी ९८.५ | १००००/ | १५००/ | १५०. | १३५० |
| | | | | | जम्मा | १९६०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९६. | **पानी विजुली संचार** : २७७।२०७६।३।२६ सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले विल भरपाइको आधारमा मात्र खर्च लेख्नुपर्दछ । दिपक चन्दको पे.फ को फाँटवारी परिक्षण गर्दा कार्यालयले पानी विजुली तथा संचारको भुक्तानि भएको विलविजक विना भुक्तानि भएको देखिएको रु १८०००। निजहरुवाट असुल उपर गर्नुपर्ने | १८०००/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९७.</td><td>भरपाइ नभएको : २७७।२०७६।३।१२६ सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले खर्च प्रमाणित हुने विल भरपाइको आधारमा मात्र लेख्नुपर्दछ । दिपक चन्दको पे.फ को फाटवारी परिक्षण गर्दा कार्यालयले युरिया मल ८३ क्वीन्टलको वितरण एवं भरपाई वेगर नै १७४३००। खर्च लेखेको देखियो तसर्थ युरिया मल वितरण भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१७४३००/-</td></tr>
<tr><td>९८.</td><td>२५९।०७६।३।२६ सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले खर्च प्रमाणित हुने विल भरपाइको आधारमा मात्र लेख्नुपर्दछ । वार्ड न ७ को स्रेस्ता परिक्षण हुदा कार्यालयले पानी विजुली तथा संचारको भुक्तानि भएको विलविजक विना भुक्तानि दिएको हुदा सो भुक्तानिको विल विजक प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१४४००/-</td></tr>
<tr><td>९९.</td><td>२५९।०७६।३।२६ सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले खर्च प्रमाणित हुने विल भरपाइको आधारमा मात्र लेख्नुपर्दछ । साथै विल भरपाइको सक्कल समेत संगै राख्नुपर्दछ । वार्ड न ७ को स्रेस्ता परिक्षण हुदा कार्यालयले विमा तथा नवीकरणको भुक्तानि गर्दा फोटोकपी विल राखेर भुक्तानि दिएकोले सो को सक्कल प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१०७००/-</td></tr>
<tr><td>१००.</td><td>भरपाइ नभएको : सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले खर्च प्रमाणित हुने विल भरपाइको आधारमा मात्र लेख्नुपर्दछ । स्रेस्ता परिक्षणको कममा निम्नानुसारका भुक्तानिमा रकमहरु वुझेको भरपाई नभएको हुदा सो वितरण भएको एवं सम्वन्धीतले वुझेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ न मिति</th><th>कामको विवरण</th><th>भुक्तानि भएको रकम</th><th>पाउने व्यक्ति</th><th>कैफियत</th></tr>
<tr><td>२३५ क/२०७६/३/२६</td><td>महिला स्व.से. प्रोत्साहन भत्ता</td><td>१५८०००/</td><td>५८ जना</td><td>निजहरुले वुझेको भरपाइ नभएको</td></tr>
<tr><td>२४८/०७६/३/२६</td><td>भिन्नरुपमा सक्षमलाई कपडा वितरण</td><td>५००००/</td><td>संख्या उल्लेख नभएको</td><td>निजहरुले वुझेको भरपाइ नभएको</td></tr>
<tr><td>२५०/०७६/३/२६</td><td>विविध खर्च</td><td>२७४४०/</td><td>खर्च भन्दा वढी भुक्तानि</td><td>विल भरपाई नभएको</td></tr>
<tr><td>२५३/०७६/३/२६</td><td>खादा,पछ्यौरा</td><td>६२०००./</td><td>उल्लेख छैन</td><td>निजहरुले वुझेको भरपाइ नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२४४४०/-</td><td></td><td></td></tr>
</table></td><td>३२४४४०/-</td></tr>
<tr><td>१०१.</td><td>विल विजक विनाको भुक्तानि : सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले विल भरपाइको आधारमा मात्र</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खर्च लेख्नुपर्दछ ।निम्न अनुसारका भौचरहरुको विल विजक विना नै भुक्तानि भएको देखिएको हुदा उक्त भुक्तानिभएको सक्कल विल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ न मिति</th><th>कामको विवरण</th><th>भुक्तानि भएको रकम</th><th></th><th>कैफियत</th></tr>
<tr><td>२६१,२३५/०७६/३/२६</td><td>पानी विजुली</td><td>१२०००/</td><td>वार्ड न २ ,४</td><td>विल विजक नभएको</td></tr>
<tr><td>२६१,२३५/०७६/३/२६</td><td>संचार</td><td>२४००/</td><td>वार्ड न २ ,४</td><td>विल विजक नभएको</td></tr>
<tr><td>२६१,२३५/०७६/३/२६</td><td>मर्मत</td><td>७०५०/</td><td>वार्ड न २ ,४</td><td>विल विजक नभएको</td></tr>
<tr><td>२४७/०७६/३/२६</td><td>संचार</td><td>२४००/</td><td>वार्ड न ४</td><td>विल विजक नभएको</td></tr>
<tr><td>२४७/०७६/३/२६</td><td>विमा</td><td>६०००/</td><td>वार्ड न ४</td><td>सक्कल पेश नभएको</td></tr>
<tr><td>२५०/०७६/३/२६</td><td>संचार</td><td>३०४००/</td><td>वार्ड न.६</td><td>हर्क व.वोगटी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०२५०/-</td><td></td><td></td></tr>
</table></td><td>६०२५०/-</td></tr>
<tr><td>१०२.</td><td>दिवस मनाएको २४९।०७६।३।२६ : सरकारी रकम खर्च गर्दा योजना एवं कार्यक्रम वनाइ तोकिएको खर्च गर्नु पर्दछ । विभिन्न दिवस मनाएको भनि खर्च लेखेकोमा कुन दिवस मनाएको हो सो समेत उल्लेख नगरी खर्च भुक्तानि भएको रकमको खर्च पुष्ट्याई गर्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा खर्च लिने व्यक्तिबाट असुल हुनुपर्ने रु.</td><td>२०००००/</td></tr>
<tr><td>१०३.</td><td>आर्थिक सहायता २४९।०७६।३।२६: आर्थिक सहायता प्रदान गर्दा मापदण्ड वनाइ खर्च गर्नुपर्दछ । वडा नं ४ का वडा अध्यक्षले सरकारी रकम आर्थिक सहयोग वितरण गर्दा प्रयोजन नखुलाई रामचन्द्र विडारीलाई रु १०,०००।,चेतराम विडारीलाई रु १०,०००।, विभिन्न समूह भनि रु १७५००। वितरण गरेकोमा उक्त रकम वाड्नुपर्ने आधार प्रमाण नदेखिएकोले सो रकम निजवाट असुल गर्नुपर्ने देखिएको रु</td><td>३७५००/</td></tr>
<tr><td>१०४.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रम अर्न्तगत गाँउपालिकाले काममा लगाउनुपर्नेमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना गरी योजनाहरु छनौट गरिनुपर्नेमा सो नभएको र श्रमिकको संख्या समेत अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **शिक्षा तर्फ** | |
| १०५. | **उपभोक्ता समितिको विल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितीले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितीको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ र तत्पश्चात्त सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तान गनुपर्दछ । देहायका योजनाहरुको भुक्तानीमा, निम्नानुसार कार्य गरेको कार्यसम्पन्न प्रतिवेदनमा प्रमाणित गरेकोमा, कार्य पुष्ट्याँई हुने उपभोक्ता समितिको बिल/बिजक वेगर कुल रु ४२१३३१.९९ भुक्तानी भएकोमा सोको प्रमाण पेश हुनुपर्ने अन्यथा उपभोक्ता समितिबाट असुल गरिनुपर्ने रु | ४२१३३१.९९ |

| भौ.नं/मिती | योजना | आईटम | रकम |
|---|---|---|---|
| ४४/२०७६/३/२७ | टुन्डागाढ लघुजल विद्युत परियोजना कुलो मर्मत | Gabion Box 2*1*1 | २७१६१.५२ |
| | | Gabion Box Filling | ३०४४८.० |
| | | जम्मा | ५७६०९.५२ |
| ४/२०७६/१०/२५ | बड्घर न्याउलो निर्माण तथा मर्मत कार्य | M.S. Bar | २३५४०.२७ |
| २/२०७६/३/२४ | सिमचौर मा.बि सरसफाई सहितको शैचालय निर्माण | Truss Work for Roofing | ४९९९९.११ |
| ७/२०७६/३/२६ | जोराघाट मा.बि सरसफाई सहितको शैचालय निर्माण | Truss Work for Roofing | ४९९९९.११ |
| ३/२०७६/३/२६ | धिर्केश्वर आ.बि, दुई कोठे नयाँ कक्षा कोठा भवन निर्माण | Door and Window Frame Work | १४८८९६.७५ |
| ३/२०७६/३/२६ | गैडेमसानी आ.बि, दुई कोठे नयाँ कक्षा कोठा भवन निर्माण | Door and Window Frame Work | १४८८९६.७५ |
| | | | ४२१३३१.९९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०६. | **एकिन विद्यार्थी संख्याबीना भुक्तानी :** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ मा देहायका शिर्षकअन्तर्गतको अनुदान रकम निकासा गर्दा प्रत्येक सामुदायिक विद्यालयलको बाल विकास कक्षा, आधारभूत तह, माध्यामिक तह एवम् नयाँ भर्ना भएका विद्यार्थीहरुको संख्या एकिन गरी, सो बमोजिम प्रति शिर्षक हुन आउने अनुदान रकम विद्यालयलाई निकासा गरिनुपर्दछ । कार्यालयले गाँउपालिका अन्तर्गत रहेका कुल ४१ विद्यालयलाई उक्त शिर्षकमा अनुदान रकम निकासा गर्दा, विद्यार्थी संख्या एकिन गरेको आधारबीना निकासा गरेको अनुदान रकम नियमित नदेखिएको रु | ४५३७६०३/- |

| सि.नं | अनुदान शिर्षक | रकम |
|---|---|---|
| १ | विपन्न लक्षित गैरआवासिय छात्रवृत्ति | १२०९७००.० |
| २ | कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २०९९७५३.० |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि प्रति विद्यार्थी लागत अनुमान | १७७००.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४ — शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापन — ८६३९५०.० <br> ५ — बाल विकास शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापन — ३४६५००.० <br> जम्मा — ४५३७६०३.० | |
| **१०७.** | **शिक्षण सिकाई अनुदान :** भौ.नं १४/२०७६/३/२६ शिक्षण सिकाई अनुदान बापत नगरपालिकालाई प्राप्त रकम शिक्षा तथा मानव विकास केन्द्रको च.नं १३३ मिती २०७६/३/२७ को पत्रमा उल्लेखित आधार बमोजिम खर्च गर्नुपर्दछ । गाँउपालिकालाई आ.व २०७५।७६ मा शिक्षण सिकाई अनुदान बापत प्राप्त रकम रु १४,६४,०००.० उपरोक्त आधार एवम् गाउँपालिकाको कुनै आधिकारिक निर्णयबीना देहायका विद्यालयलाई विनियोजन गरी निकासा गरेको छ । यसरी प्राप्त लिखित निर्देशिका एवम् आधिकारिक निर्णयबीना रकम विनियोजन गरी निकासा गर्नु उचित देखिएन । साथै आर्थिक वर्षको अन्त्यमा रकम निकासा गर्दा सो खर्चको प्रभावकारीता सुनिश्चित नहुने हूदा उक्त खर्चको सही उपयोगका सम्बन्धमा सम्बन्धित निकायले आवश्यक ध्यान पुर्‍याउनु पर्दछ । | |

| सि.नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री मष्टेश्वर मा.बि | १४६४००.० |
| २ | श्री दर्जाकोट मा.बि | १४६४००.० |
| ३ | श्री जोराघाट मा.बि | १४६४००.० |
| ४ | श्री कानाचौर मा.बि | १४६४००.० |
| ५ | श्री भगतेश्वर मा.बि | ३६६०००.० |
| ६ | श्री कर्कटेश्वर मा.बि | १४६४००.० |
| ७ | श्री सिमचौर मा.बि | ३६६०००.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **१०८.** | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५/७६ सामुदायिक सिकाई केन्द्र संचालन अनुदान (क्रियाकलाप नं २.१५.११.७७९) बापतको रकम निकासा दिँदा, सिकाई केन्द्रको व्यवस्थापन समितीले गरेको सिफारिसको निर्णय र स्थलगत निरिक्षण प्रतिवेदनका आधारमा, हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको पारिश्रमिक रकम उपलब्ध गराई बाँकी रकम केन्द्रको प्रस्तावबका आधारमा उपलब्ध गराउनुपर्नेमा कार्यालयले गगुडा सामुदायिक सिकाई केन्द्रलाई उपरोक्त प्रक्रिया पूरा नगरी रु २,००,०००.० निकासा दिएको नियमसंगत देखिएन । | |
| **१०९.** | **प्राविधिक प्रतिवेदन :** संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७५ मा २ कोठे नयाँ कक्षाकोठा सहितको फर्निचर निर्माण (क्रियाकलाप नं ८.२.३.३१.१०) गर्दा स्वीकृत डिजाइनहरुमध्ये उपयुक्त डिजाइन विद्यालयगत रुपमा छनौट गर्ने र प्रत्येक विद्यालयको लागि छुट्टाछुट्टै परिमाण तथा लागत अनुमान तयार गर्ने व्यवस्था उल्लेख छ । कार्यालयले धिर्केश्वर आधारभूत बिद्यालय र गैडेमसानी आधारभूत बिद्यालयको २ कोठे नयाँ कक्षाकोठा भवन निर्माण लागत अनुमान रु १७८४४७०.४७ तयार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको र सोको प्रमाणित कार्यसम्पन्न प्रतिवेदन अनुसार कार्यसम्पन्न रकम रु १८०१४७०.४७ रहेको छ । ड्रइ्ग डिजाइन एकै छनौट भएतापनि भौगोलिक अवस्थिती, दुरी र ढुवानीले लागत अनुमान र कार्यसम्पन्न रकम फरक विद्यालयहरुको एकै हुनेमा आश्वस्त हुन सकिँदैन । तसर्थ वास्तविक कार्यपरिणाम अनुसारको लागत अनुमान गर्नुपर्ने र स्थलगत नाँपजाँचका आधारमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेतर्फ प्राविधिकलाई जिम्मेवार बनाईनुपर्छ । साथै धिर्केश्वर आधारभूत बिद्यालयको मिती २०७६/२/१९ र गौडेमसानी आधारभूत बिद्यालयको मिती २०७६/२/१७ मा काम शुरु भई दुवै विद्यालयको मिती २०७६/३/२० मा कार्यसम्पन्न भएको प्रतिवेदन प्रमाणित भएकोमा सो अवधिमा लागत अनुमान बमोजिम दुईकोठे भवन निर्माण प्राविधिक दृष्टीले सम्पन्न हुन सक्ने देखिदैन, यसतर्फ छानबिन हुनुपर्दछ । | |
| | **कृषि तथा पशु तर्फ** | |
| **११०.** | निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई मात्र तलब भत्ता खर्च लेख्नुपर्ने उल्लेख छ । गाँउपालिकाको कृषि तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको छ । निम्नानुसार कर्मचारीहरुको आषाढ सम्म मासिक खाईपाई आएको ग्रेडभन्दा बढी भुक्तानी गरेकोमा बढी भएको ग्रेड रु.१३४८२। प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने रु | १३४८२/- |

| गो.भौ.नं./मिति | कर्मचारीको नाम | खाइपाइ आएको ग्रेड | | भुक्तानी ग्रेड | | भुक्तानी रकम | |
|---|---|---|---|---|---|---|---|
| २/०७५/६/२३ | प्रा.स.धर्मसिंह बोहरा | ६ | ४६९८ | ७ | ५४८१ | १५६६ | असोज र चाडपर्व खर्च |
| | का.स.मीन बहादुर बम | २ | १३२४ | ४ | २६४८ | ११९१६ | साउन देखि फागुन सम्म |
| जम्मा | | | | | | १३४८२/- | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **१११.** | ३२।०७६।३।२६ स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फको आमा सुरक्षा कार्यक्रमको यातायात खर्च भनेर रु.२०४०००। भुक्तानी गरेको देखियो । सो रकम केकति लाई वितरण गरेको हो सोको भरपाई पेश हुनुपर्ने अन्यथा संस्थाहरुबाट असुल दाखिला हुनुपर्ने रु. | २०४०००/- |
| | **सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **११२.** | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।</td><td></td></tr>
<tr><td>११२.१.</td><td>गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.२,३६,६७,४००। नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११२.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ ।</td><td></td></tr>
<tr><td>११२.३.</td><td>गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेकोमा देहाय अनुसारको दोहोरो परेको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्ने रु
<table>
<tr><td>वडा नं.</td><td>लक्षित समूह</td><td>नाम</td><td>दर</td><td>जम्मा भुक्तानी</td><td>चौमासिक</td><td>कैफियत</td></tr>
<tr><td>६</td><td>बा.द</td><td>नेत्र कामी</td><td>४००</td><td>१६००</td><td>प्रथम</td><td></td></tr>
<tr><td></td><td>विधवा</td><td>धौली वोगटी</td><td>१०००</td><td>४०००</td><td>प्रथम</td><td>भदौमा ७० बर्ष पुग्ने अग्रिम भुक्तानी</td></tr>
<tr><td></td><td>जेष्ठ अन्य र विधवा</td><td>देवी बम</td><td>१०००</td><td>१२०००</td><td>तीन वटै</td><td>२००८/५/१ जन्म भएकोमा</td></tr>
<tr><td></td><td>जे.द ७० माथि</td><td>हिरे कामी</td><td>१०००</td><td>१२०००</td><td>तीन वटै</td><td>२००६/९/८</td></tr>
<tr><td></td><td>बा.द.</td><td>कृष्ण दमाई</td><td>४००</td><td>४८००</td><td>तीन वटै</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३४४००/-</td><td></td><td></td></tr>
</table></td><td>३४४००/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| **११३.** | १३।०७६।३।२९ म १ च ७७० नं.को जिप प्रयोग गरी विभिन्न मितिमा आवश्यक सरसमानहरु ढुवानी गरे वापतको रकम सवारी चाकल कृष्ण दमाईले ना.सु.दिलिप सिंह साउदबाट बुझिलिएकोमा सम्झौता वेगर विल भरपाई प्रमाणित नगरी अधिकार प्राप्त अधिकारीबाट भुक्तानी दिइएको रु. | ३०००००/- |
| **११४.** | १५।०७६।३।२७ सार्वजनिक निर्माण अन्तरगत विभिन्न सामाग्री खरिद गरेवापत रु.५८५९०।५० खर्च लेखेकोमा खरिद आदेश विना दाखिला प्रतिवेदनमा कार्यालय प्रमुखको स्वीकृत नभएको र जिन्सी दाखिला रजिष्टर पेश नभएको रु. | ५८५९०.५० |

अनुसूची १

## बोगटान गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बोगटान फुटसिल गाउँपालिका | डोटी | ११७९६ | ७७५८२ | १४५९४३ | ९६४२८ | ३१९९५३ | १६७६३१ | ९७४९९ | २०७९७ | २८५९२७ | ४५८२२ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | बोगटान फुटसिल गाउँपालिका | ६३ | ५७ | १७१४६ | ० | १ | ४५ | ६३ | ५६ | १७१०१ | ७३५४ | ५००६ | ३७५२ | ० | ० | ८७५८ | ० | ९८९ | ९८९ |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बोगटान फुटसिल गाँउपालिका | डोटी | १६८३२ | ० | १६८३२ | ० | १७१०१ | ३३९३३ |